जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ३९, २०८२ वैशाख २५ गते विहीबार, 8 May 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

मकवानपुर महिला गोल्डकप:

उपाधि रक्षाका लागि एपीएफ र पुलिस भिड्ने

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा जारी मकवानपुर महिला गोल्डकपको उपाधी रक्षाका लागि विभागीय टोली सशस्त्र प्रहरी बल (एपीएफ) र नेपाल पुलिस क्लब भिड्ने भएका छन् ।

मंगलबार भएको सेमिफाइनल खेलमा जित निकाल्दै दुवै विभागीय टोलीले फाइनलमा स्थान पक्का गरेका हुन् । मंगलबार बिहान भएको पहिलो सेमिफाइनल खेलमा पुलिसले चितवन जिल्ला फुटबल टिमलाई हराउँदै फाइनल यात्रा तय गरेको हो । यस्तै दिउँसो भएको दोस्रो सेमिफाइनलमा संकठा क्लबलाई हराउँदै एपीएफले फाइनलमा स्थान बनाएको हो । फाइनल खेल २५ बैशाख बिहीबार हुनेछ ।

हेटौंडा ६ स्थित गौरीटार रंगशालामा भएको पहिलो सेमिफाइनल खेलमा चितवनको महिला टिमलाई ७-० गोलले हराउँदै पुलिस उपाधी नजिक पुगेको हो । पुलिसको जीतमा मिना देउवा र निर्मा उपाध्यायले ह्याट्रिक गरिन् । पुलिसको लागि अर्को एक गोल ४५ औं मिनेटमा सुश्मा तामाङले गरिन् । देउवा प्लेयर अफ दि म्याच घोषित भइन् । उनले १० हजार रूपैयाँ प्राप्त गरिन् ।

दोस्रो सेमिफाइनल खेलमा संकठालाई १० गोलले हराउँदै एपीएफले फाइनलमा पुलिससँगको भेट पक्का गरेको हो । एपीएफको जीतमा रश्मि घिसिङले खेलको ७१ औं मिनेटमा र अनिता केसीले खेलको ७६ औं मिनेटमा गोल गरिन् । खेलमा उत्कृष्ट प्रदर्शन गरेकी एपीएफकी रेनुका नगर कोटी प्लेयर अफ दि म्याच घोषित भइन् । उनले १० हजार रूपैयाँ प्राप्त गरिन् ।

घाटा पुर्नको लागि महिला फुटबल प्रतियोगिता

पेज ३ मा

रौतहटलाई ट्राइब्रेकरमा ४-३ गोल अन्तरले हराउँदै पुलिस सेमिफाइनलमा प्रवेश गरेको थियो भने बीरगंज युथ स्पोर्टर्स एकेडेमी विरूद्ध एपीएफले १२ गोल गर्दै सेमिफाइनल यात्रा तय गरेको थियो । सिमराको नवजनजागृति युवा क्लबलाई ६-१ गोलले हराउँदै संकठा सेमिफाइनलमा प्रवेश गरेको हो ।

उद्घाटन खेलमा पेनाल्टी सुटआउटमा ५-४ गोलअन्तरले चितवनले आयोजक मकवानपुर लाई पराजित गर्दै सेमिफाइनल प्रवेश गरेको हो ।

बागमती प्रदेशको राजधानी हेटौंडामा सातौं संस्करणको शहीद स्मृति स्थानीय तह मकवानपुर गोल्डकप अन्तर गत १९ बैशाखबाट महिलातर्फको गोल्डकप सुरू भएको हो । प्रतियोगिताको छैठौं संस्करणसम्म पुरूषतर्फ मात्रै हुँदै आएकोमा सातौं संस्करण महिलातर्फका टिम बीच प्रतिस्पर्धा हुने गरी गोल्डकप आयोजना गरिएको हो ।

प्रतियोगिताको विजेताले ५ लाख रूपैयाँ, उपविजेताले ३ लाख रूपैयाँ नगदसहित सिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । सर्वोत्कृष्ट खेलाडीले स्कुटर प्राप्त गर्नेछ । मकवानपुरको हेटौंडा उपमहानगरपालिकाको २५ लाख रूपैयाँ, बागमती प्रदेश खेलकुद विकास परिषद्को १५ लाख रूपैयाँ, मकवानपुरको भीमफेदी र कैलाश गाउँपालिकाको ३/३ लाख रूपैयाँसहित प्रतियोगिता आयोजनाका लागि विभिन्न क्षेत्रबाट सहयोग *बाँकी पेज ३ मा*

सडक भासियो



गाडी बेपत्ता

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा १६ मा गत शुक्रबार (१९ वैशाखमा) ना ४ च ४८३३ नम्बरको बोलेरो गाडी जमिनमुनि भासिएर हरायो ।

जमिन भासिएर हराएको गाडी सहजै भेटिएला भन्ने थियो तर भेटिएन । दिनबिदै जाँदा गाडी नै त्यहाँ नभएको हुनसुक्ने आशंकादेखि अनेक अन्दाजहरू बाहिर आए । एक साता बित्दा बल्ल गाडी त्यही रहेको भन्ने बारे खानी तथा भूगर्भ विभागको टोली जानकारी दिएको छ । खानी तथा भूगर्भ विभागको टोलीले लगातार दुइदिन लगाएर गरेको अनुसन्धानपछि दोस्रो दिन बुधबार गाडी ६ मिटर तल रहेको जानकारी दिएर फर्केको छ । घटनाको अध्ययनका लागि आएको खानी तथा भूगर्भ विभागको टोलीले मंगलबार र बुधबार प्रारम्भिक अनुसन्धान गरेको थियो ।

तर भूगर्भविद्हरूको टोली अनुसन्धान नै स्थगित गरी काठमाडौं फर्किएको छ । गाडी भासिएको स्थानको खाडल झन् ठूलो हुँदै गएकाले जोखिममा बढेको छ । यहाँ रहेर अनुसन्धान गरिरहन समेत उच्च जोखिम रहेको भन्दै अनुसन्धान टोली अनुसन्धान नै स्थगित गरि फर्किएको हो । उक्तस्थानको आसपासमा बस्दै आएका स्थानीयहरूलाई समेत सचेत हुन उनीहरूले सुझाएका छन् ।

भूगर्भविद् नारायण अधिकारीको नेतृत्वमा आएको टोलीले घटनास्थलको माटोको बनावट, भूगर्भीय अवस्था, भूमिगत जल तथा चुम्बकीय क्षेत्रको परीक्षण गरेको थियो । प्रारम्भिक कार्य सम्पन्न गरी भूगर्भविद्हरू बुधबार काठमाडौं फर्किएका हुन् । टोलीले संकलन गरेका तथ्य र नमुनाको प्रयोशाला परीक्षणपछि मात्र दोस्रो चरणको अध्ययन हुने जानकारी दिएको छ ।

यसअघि भूगर्भविदको टोलीले मंगलबार साँझ भासिएको गाडीको लोकेसन पत्ता लगाएका थिए । मंगलबार बिहानबाट काम थालेका उनीहरुले साँझ मात्रै सम्भावित लोकेसन पत्ता लगाएका हुन् ।

खानी तथा भूगर्भ विभाका भूगर्भविद् नारायण अधिकारी र कृष्ण पाण्डेसहित चार जनाको टोलीले अध्ययनका लागि प्रयोग गरेका विभिन्न तरिका मध्ये ड्रिलिङका क्रममा गाडी भासिएको स्थानमा ड्रिलिङ गर्दा दुई स्थानमा ड्रिलिङ रड ६ मिटर भन्दा तल नगएपछि उक्त स्थानमा गाडी भएको हुनसक्ने उनीहरुले अनुमान गरेका हुन् ।

टोलीका सदस्य भूगर्भविद् नारायण अधिकारीले म्याग्नेटोमिटर को सहयोगबाट गाडी रहेको सम्भावित स्थानको बारेमा पत्ता लगाएपछि गरिएको ड्रिलिङबाट उक्त स्थानमा भासिएको भनिएको गाडी हुनसक्ने अनुमान गरेको जानकारी दिए ।

उनले सम्भावित स्थानमा गरिएको तीनवटा ड्रिलिङमध्ये एउटामा ड्रिलिङ रड ८ मिटरको गहिराइसम्म सजिलै गएको र त्यसपछि गरिएका दुई वटा ड्रिलिङका क्रममा ड्रिलिङ रड ६ मिटरमा रोकिएको बताए । यसैलाई आधार मान्दा उक्त दुई स्थानमा ड्रिल रड ६ मिटरभन्दा तल नगएका कारण त्यहाँ भासिएको गाडी हुनसक्ने आफूहरुले अनुमान गरेको उनको भनाई छ ।

"हामीले सबैभन्दा पहिले त प्रोटोन म्याग्नेटोमिटर प्रयोग गरी उक्त गाडीको सम्भावित लोकेसन पत्ता लगाउने कोसिस गर्‍यौ, गाडी जमिनमुनि भासिएर हराएको ठाउँको वरपर प्रोटोन म्याग्नेटोमिटर प्रयोग गर्दा एक ठाउँमा चुम्बकीय वस्तु र हेको सङ्केत अन्य स्थानको तुलनामा निकै बढी देखियो" उनले भने, "त्यसैको आधारमा हामीले उक्त स्थानमा ड्रिल गर्दा तिन मध्ये दुई स्थानमा ड्रिल रड ६ मिटरमै रोकिएपछि, ।मी गाडी भएको लोकेसनमा पुग्यौ भन्ने अनुमान गरेका हौं ।"

यद्यपि यसैलाई आधार मानेर गाडी सोही स्थानमा छ भन्न भने नसकिने उनले स्पष्ट पारे । टोलीले गाडीसँगै यहाँको भौगोलिक अवस्थाको बारेमा पनि अध्ययन गरेको छ ।

अर्का भूगर्भविद् कृष्ण पाण्डेले प्रोटोन म्याग्नेटोमिटरको सहायतामा गाडी भासिएको स्थानको केही पूर्वतर्फ ठुलै चुम्बकीय क्षेत्र तथा पदार्थ (एनोमेलिक) को अवस्था सङ्केत प्राप्त भएको र सोही सङ्केतको आधारमा आफूहरुले ड्रिलिङ गरेको र खोजीको अन्तिम चरणमा पुगेको जानकारी दिए । भूगर्भविद् पाण्डेका अनुसार टोलीले घटनास्थलसँगै आसपासको भू बनोट, भूमिगत जलस्रोतलगायतका बारेमा पनि अध्ययन गनुपर्नेछ ।

अहिले जामिन भासिएर खाल्डो भएको स्थानको वरपरसमेत बसोबासको लागि जोखिम रहेको उनीहरूले बताएका छन् । "दलदले जमिन रहेको कारण जुनसुकै बेला जमिन भासिन सक्छ, यो स्थान बसोबासको लागि जोखिम छ" पाण्डेले भने ।

के थियो घटना

१९ वैशाखमा माछा बोक्ने ना.४ च ४८३३ नम्बरको सिंगल क्याप बोलेरो गाडी (भ्यान) हेटौंडा उपमहानगरपालिका १६ र १७ को सीमा नजिकैको गैरीगाउँ सडक घाँस काट्ने मेसिन लोड गरिएको गाडी मित्री कच्ची सडकमा रोकिराखेको थियो । रोकिराखिएको अवस्थाको अगाडिको पांग्रा भासिन सुरू भएको थियो । निकाल्ने क्रममा एक्कासि सडक नै भासिएर गाडी जमिनमुनि गायब भएको थियो । गाडीका चालक हरेराम राई र सहचालक भने सडक भासिनुअघि नै निस्किएर जोगिएका थिए ।

भासिएको करिब पाँच सेकेन्डमै बेपत्ता भएको गाडीधनी हरेराम राईले बताए । गाडी भासिएको वरिपरि माछापालन गरिएको पाँचवटा पोखरी र बोरिङसमेत छ । राईले नै ति दुबै व्यवसाय गर्दै आएका छन् । धेरैले बोरिङका कारण जमिन भासिएको हुन सक्ने अनुमान गरेका छन् । जमिन भासिएर सिङ्गो गाडी नै बेपत्ता भएपछि मकवानपुर प्रहरीले गाडी खोजीका लागि शनिबार (२० बैशाखमा) दिनभर दुईवटा मोटरले पानी बाहिर फाल्यो तर गाडी फेला परेन ।

जिल्लाको विपत् व्यवस्थापन समितिको बैठकले विज्ञको टोली ल्याउने निर्णय गर्‍यो । र प्रहरीले खोजी कार्य स्थगित गर्‍यो । विज्ञको टोली

बाँकी पेज ३ मा

प्रकाशक :- सरिता दाहाल
कार्यकारी सम्पादक :- संझना घिमिरे,
समाचार संयोजक:- जानुका संजेल,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर

सम्पादकीय

आन्दोलनपछिको कक्षा

विभिन्न माग सहित आन्दोलनमा उत्रेका सामुदायिक विद्यालय शिक्षक/कर्मचारीहरू अब विद्यालय फर्केका छन् । एक महिने लामो आन्दोलनको कारण विद्यालयहरूमा सञ्चालन हुनुपर्ने भर्ना अभियान, प्रवेश परिक्षा, पुस्तक वितरणलगायतको कार्यक्रम पुर्ण रूपमा प्रभावित भए । आन्दोलनपछि विद्यालय फर्केका गुरूहरूलाइ अब सबै जिम्मेवारी कुलशतापूर्वक पुरा गर्नुपर्ने दायित्व छ। सदाझै तोकिएकै समयमा सबै शैक्षिक गतिविधि पुरा गर्नुपर्ने दायित्व एकातिर छ भने आन्दोलनको कारण १ महिना समयपछाडी धकेलिएको छ ।

बिदाको समयमा विद्यार्थीहरुले पठनपाठनबाट केही दूरी बनाएका हुन सक्छन्। त्यसैले विद्यालय खुल्नेबित्तिकै पुरानै लयमा फर्किन केही समय लाग्न सक्छ। यो अवस्थामा शिक्षक, विद्यार्थी र अभिभावक सबैको संयुक्त प्रयास आवश्यक छ। सबैभन्दा पहिले, शिक्षकहरुले बिदामा पढेका वा बिर्सेका कुराहरुलाई पुनरावलोकन गराउनुपर्छ। छोटो पुनरावलोकन सत्रहरुले विद्यार्थीहरुलाई फेरि पढाइको माहोल/लयमा फर्काउन मद्दत गर्छ। त्यसपछि, नयाँ पाठ्यक्रमलाई सरल र रोचक तरिकाले प्रस्तुत गर्नुपर्छ। विद्यार्थीहरुको सक्रिय सहभागिता हुने शिक्षण विधिहरु अपनाउनुपर्छ। समूह कार्य, छलफल र खेलका माध्यमबाट सिकाइलाई थप प्रभावकारी बनाउन सकिन्छ।

विद्यार्थीहरुले पनि अब अल्छी नगरी नियमित रुपमा पढाइमा ध्यान दिनुपर्छ। बिदाको समयमा खेल्न र आराम गर्न पाइए पनि, अब भविष्यको लागि मिहिनेत गर्ने बेला आएको छ। शिक्षकले दिएका कार्यहरु समयमै पूरा गर्नुपर्छ र कक्षामा सक्रिय रुपमा सहभागी हुनुपर्छ। अभिभावकहरुको भूमिका पनि महत्वपूर्ण छ। छोराछोरीलाई घरमा पढ्ने वातावरण मिलाइदिनुपर्छ। विद्यालय र शिक्षकसँग नियमित सम्पर्कमा रही विद्यार्थीको प्रगतिबारे जानकारी लिदैं,शैक्षिक सफलतामा सहकार्य गर्नु शिक्षक,विद्यार्थी अभिभाव सबैको दायित्व हो ।

गाउँ उर्वर बनाउने योजना खाँचो



डा. देवीप्रसाद आचार्य

लोकतन्त्र आएपछि गाउँगाउँमा हिउँदे बाटा पुगेका छन् । गाउँमा धुलो उडाउँदै बस, ट्रक तथा खाद्यान्न ओसारपसार गर्ने सवारी चल्दछन् । गाउँमा दुईचार वटा पसल खुलेका छन् । यी पसलमा छिमेकी देशमा उत्पादित चामल, गहुँ, तोरी, चना, मसुरो, मास, फलफुल, तरकारी, माछा मासु, औषधिलगायत अत्यावश्यक सामान आयात हुने गरेका छन्

म्रो देश गाउँ नै गाउँले बनेको सुन्दर भूमि हो । पछिल्लो समय बाटो, बिजुली र यातायात सुविधाले कतिपय गाउँ बजारमा परिणत भएका छन् । तथापि, गाउँबाट बसाईसराई तीव्र रुपमा भइरहेको छ । मानिस हिमालबाट पहाडी क्षेत्र, पडाडबाट तराई र हरेक भौगोलक क्षेत्रबाट संघीय राजधानी काठमाडौंमा बसाईसराई गर्ने क्रम जारी छ । पछिल्लो समय अन्तर्राष्ट्रिय बसाईसराईमा पनि तीव्रता छाएको छ । शिक्षित युवापुस्ता अमेरिका, अष्ट्रेलिया, बेलायतलगायतका देशमा स्थायी रुपमै बस्न थालेका छन् । राजनीतिक अस्थिरता, गरिबी, बेरोजगारीजस्ता समस्याका कारण यस्तो हविगत आइलागेको हो ।

समाजशास्त्रीय दृष्टिकोणबाट हेर्दा मानिसले सुविधा चाहना राख्नु अस्वभाविक होइन । भौतिक सुविधा खोजी गर्ने क्रममा शिक्षित नागरिकले गुणस्तरीय शिक्षा, स्वास्थ्य सेवा, आयआर्जनको अवसर, रोजगारी वा व्यवसाय, खानेपानी, यातायातलगायत उपलब्धता खोजी क्रममा ग्रामीण क्षेत्रबाट सहरबजारतिर बसाईसराई गरेको पाइन्छ । किसान परिवार पहाडतिर उत्पादन कमी हुने र काम गर्ने मानिसको अभावका कारण तराईतिर बसाईसराई गरेको पाइन्छ । युवाहरु रोजगारी खोजीमा विदेश पलायन भएका छन् । एकातिर गाउँबस्तीमा मानिस बस्न रूचाउँदैनन् भने अर्कोतिर राज्यले ग्रामीण अर्थतन्त्र उकास्ने कुनै पनि ठोस कार्ययोजना बनाएको देखिँदैन ।

५० को दशकसम्म गाउँमा परम्परागत शैलीको भए पनि कृषि उत्पादन पर्याप्त थियो । प्राय: किसान परिवार आफ्नो जग्गामा निर्वाहमुखी उत्पादन गरेर जीवन चलाउने गर्दथे । गाउँहरु खाद्यान्नमा आत्मनिर्भर थिए । स्थानीय उत्पादनले त्यहाँका बासिन्दालाई खान पुग्थ्यो । नहुनेले हुनेको जग्गामा खेती गर्दथे । बढैया लगाउँथे । जब २०५२ सालदेखि माओवादी 'जनविद्रोह' सुरू भयो । त्यसपछि कृषि उत्पादनमा क्रमिक कमी हुँदै आएको देखिन्छ । माओवादी युद्धकालमा जग्गा हुनेलाई 'सामन्ती' भनियो । 'शोषक'को उपमा दिइयो । जग्गा जमिन हुनेका खेतबारीमा पार्टीको झण्डा गाडियो । जग्गा धनीलाई खेती गर्न दिइएन । मानिस खेतीपाती छाडेर बजार क्षेत्रमा बस्न थाले । २०५२ देखि २०६३ सालसम्म आइपुग्दा स्थानीय साहुमहाजनले कृषि पेसा छाडेर काठमाडौंलगायत सहरी क्षेत्रतिर अस्थायी रुपमा बसोबास गर्न थालेगरे । गाउँका युवा या त युद्धमा लागे या सुरक्षा खोजीमा विदेसिन बाध्य भए ।

२०६३/०६३ जनआन्दोलन २ बाट व्यापक राजनीतिक परिवर्तन भयो । देशमा गणतन्त्र आयो । २०६४ सालमा संविधानसभा निर्वाचन भयो । दुई वर्षमा संविधान बनाएर देशलाई तीव्र विकासको बाटोमा अगाडि बढाउनुपर्ने कार्यभारलाई दलहरुले बेवास्ता गरे । पहिलो संविधानसभाले तोकिएको अवधिमा संविधान निर्माण गर्न सकेन । विश्वजगत्मै नभएको संविधानसभाको दोस्रो पटक निर्वाचन गरियो । देशको तुलो धनरासी संविधान बनाउने नाममा खर्च गरियो । २०६३ देखि २०७२ सालसम्म विकास निर्माणले गति लिन सकेन । राजनीतिक दलहरुको आन्तरिक कलहमा देश फस्न पुग्यो । फलत: यस दशकमा तुलो संख्यामा नेपाली समाज पहाडी क्षेत्रबाट तराईतिर बसाई सरेको पाइन्छ ।

जनआन्दोलन २ पछाडि बसाईसराईको लर्कोमात्र लागेन, बेरोजगारीले सताइएका युवा कामको खोजीमा अन्तराष्ट्रिय बजारमा पलायन भए । ग्रामीण क्षेत्रमा रहेको गरिबी, पछौटेपन, गुणस्तरीय शिक्षा कमी, स्वास्थ्य सेवा अभावजस्ता कारण मानिसले गाउँठाउँ छाड्न सुरू गरे । २०७२ सालमा संविधान निर्माण भएर २०७४ मा निर्वाचन भएपछि ग्रामीण क्षेत्रमा केही पूर्वाधार विकास भएको देखिन्छ । ग्रामीण विद्युतीकरण, यातायात, खानेपानी, सञ्चार क्षेत्रमा उल्लेख्य विकास भएको पाइन्छ ।

तर, गाउँमा परिवर्तनले ग्रामीण अर्थतन्त्रमा सकरात्मक परिवर्तन आउन सकेन । गाउँमा उत्पादनमा आधारित आयआर्जन, रोजगारी व्यवस्था र रोजगारमुलुक शिक्षा अभाव भयो । फलत: युवापुस्तामा निराष थपिँदै गयो । हरेक दिन तुलो संख्यामा विदेश पलायन हुन थाल्यो । किसान परिवारका खेतबारी बाँझिन थाले । पशुपालन गर्ने गोठ भत्किन थाले । गाउँघर ज्येष्ठ नागरिक र केटाकेटीका बस्तीमा परिणत हुँदै गए । नेपालमा ५० को दशकसम्म गाउँ खाद्यान्नमा आत्मनिर्भर थिए । कुनै गाउँमा खाद्यान्न अभाव भएको खण्डमा अर्को छिमेकी गाउँबाट आपूर्ति हुन्थ्यो ।

एउटै गाउँमा बसोबास गर्नेमध्ये विपन्नवर्ग जोसँग जमिन अभाव छ, उनीहरुले जमिन हुनेको खेतबारीमा काम गर्न पाउँथे । अधियाँ वा बढैया गर्ने पनि चलन थियो । खेतबारीको उत्पादनले वर्षदिन खाने नपुग्ने वर्गले अलि धेरै उत्पादन गर्नेसँग खरिद गरेर खान पाउने अवस्था थियो । तर, आज गाउँको कहानी बदिलएको छ । गाउँका सम्पन्न किसान परिवारका खेतबारीमा बुट्यानले ढाकेको छ । खाद्यान्न आयात नगरिकन गाउँमा खान पाउने अवस्था छैन ।

त्यसो त, लोकतन्त्र आएपछि गाउँगाउँमा हिउँदे बाटा पुगेका छन् । गाउँमा धुलो उडाउँदै बस, ट्रक तथा खाद्यान्न ओसारपसार गर्ने सवारी चल्दछन् । गाउँमा दुईचार वटा पसल खुलेका छन् । यी पसलमा छिमेकी देशमा उत्पादित चामल, गहुँ, तोरी, चना, मसुरो, मास, फलफूल, तरकारी, माछा मासु, औषधिलगायत अत्यावश्यक सामान आयात हुने गरेका छन् ।

अहिले गाउँमा प्राय: घरधुरीबाटै युवा परदेश गएका छन् । उनीहरुले पठाएको पैसाले घरपरिवार चलेको छ । सक्षम राजनीतिक नेतृत्व अभावका कारण देशले धेरै दु:ख पाइरहेको छ । प्राकृतिक स्रोतसाधनले सम्पन्न भएर पनि देश झन्झन् असजिलो अवस्थाबाट गुज्रिइरहेको छ । देश निर्माण गर्ने मानवस्रोत युवापुस्ताले अमेरिका, युरोप, अष्ट्रेलिया, खाडी मुलुक, भारतलगायत देशमा श्रम बेचिरहेका छन् ।

कस्तो विडम्बना ? आफ्ना खेतबारी बँझाएर विदेसिएका युवाले विदेशी भूमिमा कृषि क्षेत्रमै काम गरिरहेका छन् । नेपाल विश्व मानचित्रमा खाद्यान्न आयात र युवा निर्यात देशका रुपमा चिनिएको छ । यो मुलुक राजनीतिक अस्थिरता, अन्तरदलीय दाउपेच, सत्तामोह, मिजन, मिसन र एक्सन अभावजस्ता समस्यामा जेलिएको छ । सत्तामा पुग्नेले 'समृद्ध नेपाल, सुखी नेपाली' भन्ने गरेको सुनिन्छ ।

पञ्चवर्षीय योजना तय गरिएका उद्देश्य पनि आशा लाग्दा छन् । १५औं पञ्चवर्षीय योजना अन्त्यसम्म राज्यले सर्वसुलभ शिक्षा, पूर्वाधार निर्माण, रोजगारी अभिवृद्धि, गरिबी निवारण, सामाजिक न्याय, जवाफदेही सार्वजनिक सेवा, सामाजिक र आर्थिक रुपान्तरण गर्ने उद्देश्य राखेको थियो । तर, उल्लेखित योजना कार्यान्वयन हुन सकेनन् । सरकारले ल्याउने गरेको वार्षिक बजेट, नीति तथा कार्यक्रम पनि नराम्रो छैन । हरेक वर्ष बजेट भाषणमा सरकारले उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने, गरिबी निवारण, प्रादेशिक सन्तुलन कायम, रोजगारी सिर्जनाजस्ता कुरा जनतालाई सुनाउने गर्दछ । कृषि क्षेत्रलाइ आधुनिकीकरण, यान्त्रीकीकरण तथा निर्यातमुखी बनाउने भनिन्छ ।

हालसम्म सरकारले भन्ने गरेका विकास निर्माणका कार्य सम्पन्न हुन सकेको भए ग्रामीण अर्थतन्त्र विकास भइसकेको हुने थियो । ग्रामीण अर्थतन्त्र उकास्न राज्यले 'ग्राफ' होइन, काम गर्न जरूरी छ । योजना बनाउनेमात्र होइन, कार्यान्वयन गर्नुपर्दछ । किसानको जीवनस्तर उकास्नका लागि कृषि र पशुपालन क्षेत्रमा सुधार गर्नु पहिलो सर्त हुन आउँछ ।

कृषिलाई आयआर्जनको स्रोत बनाउनका लागि जैविक तथा भौगोलिक विविधताअनुरूपको खेती, उद्यानी, पशुपालन, पंक्षीपालन, माहुरीपालन, रेसम खेती, फलफूल, तरकारी, तेलहन, केरा, कागती, कफीलगायत उत्पादन गर्न जरूरी छ । कृषि, पशुपालन, पर्यटनलगायत क्षेत्रमा विकास नगरी ग्रामीण अर्थतन्त्र विकास र रोजगारी सिर्जना हुन सक्दैन । गाउँठाउँमै रोजगारी सिर्जना गर्न राज्यले हरेक स्थानीय तहका बेरोजगार युवालाई आयमुलक व्यवसायिक तालिम दिनुपर्दछ । कृषिमा संलग्न युवालाई सहुलियत दरमा ऋण, व्यवसायमा बिमा व्यवस्था, बजार व्यवस्थापनलगायत सुविधा व्यवस्था गर्नुपर्दछ । राज्यले यसो गर्नसकेमा युवा विदेश जानबाट रोकिन्छन् । बरालिएका र निराश बेरोजगार युवा व्यवसायिक पेसामा आबद्ध हुन थाल्छन् । त्यसपछि गाउँघरमा उत्पादन वृद्धि हुन थाल्छ। ग्रामीण अर्थतन्त्र सबलीकरण हुन सक्दछ । यस कोणबाट हेर्दा ग्रामीण क्षेत्रको अर्थतन्त्र विकास र रोजगारी सिर्जना गर्नका लागि राज्यले समग्र कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रीकीकरण तथा आयआर्जन क्षेत्र बनाउनुपर्दछ । गाउँलाई उर्बर बनाउनुपर्दछ ।

राजधानीडेली डटकमबाट

सडक भासियो, ...



आएपछि मंगलबार (२३ बैखाश)बाट पुन: खोजी तथा अनुसन्धान सुरू गरियो ।

गाडी बेपत्ता भएको घटना सार्वजनिक भएपछि उक्त स्थानमा दिनभरजसो मानिसहरुको भिड लाग्ने गरेको छ । गाडी भासिएको घटनापछि निरीक्षण र घटनाको वास्तविकता बुझ्न प्रदेश सरकारका आन्तरिक मामिला तथा कानून मन्त्री सुरजचन्द्र लामिछाने सहितको टोली, हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीना कुमारी लामा, उमप्रमुख राजेश बानियाँ, कांग्रेस मकवानपुर सभापति बुद्ध लामा, सुरक्षा निकायका प्रमुखलगायत घटनास्थल पुगेर वस्तुस्थिति बुझ्ने प्रयास गरे ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी रिकम श्रेष्ठको उपस्थितिमा उपमहानर प्रमुख मीना कुमारी लामा, सुरक्षा निकायका प्रमुख एवं प्रतिनिधि सम्मिलित बैठकले खानी तथा भूगर्भ विभागलाई अध्ययन र अनुसन्धानका लागि टोली पठाइदिन पत्राचार गरेपछि भूगर्व विभागको टोलीले स्थलगत अनुसन्धान थालेको हो ।

भासिएको स्थानको अनेक अड्कलबाजी

गाडी भासिएको स्थान हेर्न पुगेका स्थानीयले घटनाबारे थुप्रै अड्कल लगाएका छन् । विगतमा यस क्षेत्रमा मास (दलदल) रहेकाले गाडी बेपत्ता भएको हुन सक्ने केही स्थानीयको दाबी छ । वडा नम्बर १६ का वडाध्यक्ष रामकृष्ण कोइरालाले गाडी भासिएर बेपत्ता भएको घटनाले आफू आश्चर्यमा परेको बताए । उनले उक्त फाँटमा जोत्दै गरेका हलगोरू नै भासिएर बेपत्ता भएको आफूले पनि सुनेको बताए ।

कोइरालाले करिब १० वर्षअघि गाडी भासिएको स्थानबाट पाँचदेखि सात सय मिटरको दूरीमा जोत्दै गर्दा एक गोरू भासिएर मरेको घटना आफैंले देखेको सुनाए । उनले भासिएर कुनै पनि चिज बेपत्ता भएको पहिलोपटक देखेको बताए । "भासिएर बेपत्ता नै भएको पहिलोपटक सुनें आश्चर्य लाग्यो" उनले भने । "पहिलेपहिले जोत्दै गरेको हलगोरू नै बेपत्ता हुने गरेको सुनेको थिएँ, त्यो पत्यार लाग्दैनथ्यो" उनले भने, "म आफैंले पनि यहाँभन्दा पाँचसात सय मिटर पर १० वर्षअघि जोत्दै गरेको हलगोरूमध्ये एउटा गोरू दलदलमा भासिएर मरेको देखेको छु ।"

स्थानीय पुडासैनीले उक्त स्थान दलदल नै भएको स्वीकार्छन् । उनका अनुसार २०७२ सालको भूकम्प आउँदा समेत उक्त स्थानमा चुन निस्किएको पानीको फोका उठेको देखेको बताए । स्थानीयहरू डिप बोरिङका कारण दलदल भएको समेत बताउँछन् । तर उक्त स्थानमा पोखरी बनाउनका लागि यहाँ करिब ८ वर्षअघि बोरिङ गरिएकोमा पाइपबाट पानी मनेजस्तो नआएको थिएन तर त्यसको वरिपरिबाट लेदोसहितको पानी भने बगिरहन्थ्यो । "अहिले जमिन भासिएको सोही बोरिङ खनिएको स्थलमै हो" स्थानीय प्रकाश मन्छन् ।पराजुलीका अनुसार हेटौंडा १६, १७ र १८ स्थित फाँटमा सानातुला दर्जनौं डिप बोरिङ खनिएका छन् भने करिब ५ सय मिटरको दायरामा मात्र झन्डै आधा दर्जन ठाउँमा पाइप गाडेर भूमिगत पानी निकालिएको छ ।

"यो भन्दा अलि माथिको स्थान चाहिँ अझैबढी धाप क्षेत्र हो। तर यो त त्यस्तो ठाउँ नै होइन" स्थानीय निरन्जन ढकालले भने । सडकको दुबै साइडमा माछा पोखरी रहेछ, सडकको भित्तामा बोरिङ पनि खनेको छ। बोरिङ खनेको स्थानमा जमिन कमजोर भएर भासिएर गाडी दबिएको हुनसक्ने स्थानीयको शंक छ ।

भूगर्भविद्को टोलीले अनुसन्धान गरेरे प्रारम्भिक प्रतिवेदनपछि मात्रै उक्त स्थानको दलदलको वास्तविकता पत्ता लाग्ने उपमेयर राजेश बानियाँ बाताउँछन् ।

बागमती प्रदेशसभा सदस्य एवं पुर्व मन्त्री श्रेष्ठको चासो

बुधबार बागमती प्रदेशसभा सदस्य एवं पुर्व मन्त्री एकालाल श्रेष्ठले घटनास्थलमै पुगेर खानी तथा भूगर्भ विभागको टोलीको प्रारम्भिक अनुसन्धानको जानकारी लिएका छन् ।

प्रारम्भिक अनुसन्धानबारे जानकारी लिदै पुर्वमन्त्री श्रेष्ठले उक्त क्षेत्रको जोखिमको अवस्था समेतलाई समेटेर विस्तृत भुगर्भीय जानकारी सहितको रिपोर्ट तयार पार्न विभागको टोलिलाई आग्रह गरे ।

पछिल्लो समय विकसित शहरको रूपमा अघि बढिरहेको यस क्षेत्रमा भुगर्भीय हिसाबले जोखिमको अवस्था कस्तो छ भनी विस्तृत अध्ययनको लागि समेत उनले विभागको ध्यानाकर्षण गराए । प्रारम्भिक अनुसन्धानबारे प्रदेश सभा सदस्य श्रेष्ठलाई जानकारी गराउदै विभागका भुगर्भविद कृष्ण पाण्डेले उक्त क्षेत्र वरपरका जमिन तरलिकृत रहेको बताए ।

जमिनको माथिल्लो तह केही मिटर चिम्दयाईलो रहेको र तल्लो तहको माटोमा बालुवा र पानी मिश्रित रहेको पाईएको टोलीले जनाएको छ । पुर्वमन्त्री श्रेष्ठसँग टोलिले ६ मिटर गहिराईसम्मको माटोको नमुना संकलन गरेको र यसको रिपोर्ट चाँडै प्राप्त हुने जानकारी दिएको छ । संकलन गरिएको माटोको विभागको ल्याबमा परीक्षण पश्चात् यस क्षेत्रको भुगर्भीय रिपोर्ट तयार पारिने भएको छ । "हामीले ३ वटा विधीबाट यस क्षेत्रको अध्ययन गरेका छौं । एउटा चुम्बकीय विधि र अर्को जमिनमुनि रड हालेर हेरिरहेका छौं । चुम्बकीय विधिबाट हेर्दा जमिनमुनि करिब ३ दशमलव ४ मिटर तल केही फलामजन्य धातु रहेको जानकारी प्राप्त भएको छ । तर उक्त वस्तु हराएको भनिएको गाडी नै हो वा अरू कुनै उपकरण हो भन्ने एकिन हुन सकेको छैन" उनले भने ।

के भन्छन् सवारी धनी

"गत शुक्रबार साँझतिरको समयमा भित्री कच्ची सडकमा हिलोमा फसेको गाडी निकाल्न निकै प्रयास गरें। हिलोमा फसेको गाडी निकाल्ने प्रयास गर्दा झण्डै १ घण्टा लाग्यो।

केही गर्दा पनि गाडी निस्कने देखिन त्यसपछि दयाक्टर ल्याएर गाडी तान्ने प्रयास गरें। स्थानीय एक व्यक्तिलाइ दयाक्टर बोलाउनको लागि फोन गर्दै थिएँ। म र रौतहट स्थायी ठेगाना भएका सहचालक मुक्तिलाल सहनीले गाडी निकाल्ने प्रयास गरिरहयौ, तर गाडीको अगाडीको भाग बिस्तारै दबिएको जस्तो मुक्तिलालले अनुभव गरे।

उनी चिच्याउँदै मलाई तुरून्ते निस्कन भने। दुबैजनाले दुर्इतिरको ढोका खोलेर निस्किन भ्यायौं। तर हामी निस्किएर हेर्न पनि नभ्याउँदै गाडी जमिनमा बिलायो।

गाडीको अगाडीको भाग दबिएको चाल पाएपछि हामी तुरूनै हामफलेर भाग्न भ्यायौं । 'खटढढढ... गरेको आवाज निस्किकयो, त्यसपछि मुक्तिलाले मलाइ हामफल्नु चनेर चिच्याउँदै उनीपनि हालहाले, मैले पनि तत्काले ढोका खेलेर हेर्दै गाडीको पाङ्ग्रा झण्डैझण्डै दबिसकेको थियो र तिव्र गतिमै दबिदै गएको देखे, मैले पनि केही सोच्नै सकिन र तुरून्तै हामफाले । हामफालेर तल आएपछि गाडी हेर्न समेत भ्याइएन, पुरू दबियो गाडी । हामी झरेको दुई सेकेन्ड जतिमा गाडीको अगाडीको भाग बिलायो। धन्न सहचालक मुक्तिले कराएयो हामी दुबैजना भाग्न भ्यायौं। त्यसको ३ सेकेण्ड पनि नहुँदै पूरै गाडी जमिनमा बिलायो। नत्र त हामी पनि गाडीसँगै भासिने रहेछौं ।

हामी हरेक दिन सोही बाटोमा माछाका दाना बोक्न, माछा लिनका लागि आउजाउ गर्ने गर्दथ्यौं, तर न कहिल्यै गाडी हिलोमा फसेको थियो, न त त्यस स्थान वरपर गाडी दबिएको घटना नै भएको थियो। विगत १ वर्षदेखि सोही स्थानमा ९ वटा माछा पोखरी सञ्चालन गर्दै आएका छु । यस्तो घटना भने जीवनमै पहिलोपटक भोगें ।

गाडी त्यसरी जमिनमै दबिएको त मैले पहिलो पटक देखेको हुँ । गाडी निकैबेर हिलोमा फस्यो। गाडी निस्किएला जस्तो भएपछि अगाडी बढाएँ। त्यतिबेला नै भूकम्प गएजस्तै गरी जमिन हल्लिएको महशुस भयो। यत्तिकैमा जमिनबाट केही ब्लास्ट भएजस्तो आवाज आयो। त्यसपछि गाडी जमिनमा दबिन सुरू भयो। जमिन भासिएपछि गाडी एकैछिनमा हरायो।

धमिलो पानी घटढढढढ... गरेर भूमरी बन्यो। यत्तिकैमा वरपरको माटो झर्यो अनि गाडीको थोरै भाग पनि भेटिएन। त्यही समयमा सडक नजिकै रहेको माछा पोखरीका माछाहरु पनि असामान्य तरिकाले उफ्रिएको देखियो ।

महिला गोल्डकप...

प्रतियोगिता आयोजना गर्दै आएको संघले प्रतियोगिता घाटामा गएपछि सातौं संस्करण भने राष्ट्रिय महिला गोल्डकपका रुपमा अगाडि बढाएको हो ।

समयमै हिसाब सार्वजनिक नगरेसँगै स्थानीय तहले उपलब्ध गराउँदै आएको रकम कटौती गरेपछि संघले बाध्य भएर महिला फुटबल प्रतियोगिता आयोजना गरेको बताइएको छ ।

संघले महिला फुटबलको विकास र क्रेज बढेसँगै प्रतियोगिता आयोजना गर्न लागेको दाबी गरेको छ। संघले छैठौं संस्करणको गोल्डकप प्रतियोगिताको आयव्यय विवरण पनि सार्वजनिक गरेको छ।

आम्दानी र खर्चको विवरण अनुसार, गत वर्षको फुटबल प्रतियोगिता आर्थिक रुपमा घाटामा गएको देखाइएको छ ।

प्रतियोगिता आयोजना गर्न ९१ लाख ४८ हजार रूपैयाँ खर्च भएको छ भने जम्मा ८९ लाख २४ हजार रूपैयाँ आम्दानी भएको विवरणमा उल्लेख छ। प्रतियोगिताबाट २ लाख २४ हजार रूपैयाँ घाटा भएको आयोजकले जनाएको छ ।

पेज १ को बाँकी

रहेको संघ महासचिव छवि सुवेदीले जनाकारी दिए ।

मकवानपुर जिल्ला फुटबल संघको आयोजनामा भएको प्रतियोगितामा सशस्त्र प्रहरीको एपीएफ, नेपाल पुलिस, नेपाली सेनाको त्रिभुवन आर्मी क्लब गरी तीनवटा विभागीय महिला टिमसहित मकवानपुर हेटौंडाको रिगल रिसोर्ट एन्फा महिला टिम मकवानपुर, बीरगन्ज युथ एकेडेमीको महिला टिम र नवजनजागृति युवा क्लब सिमरा बाराको महिला टिम, रौतहट र चितवन जिल्लाको महिला टिम गरी ८ वटा टिमको सहभागिता रहने महासचिव सुवेदीले बताए ।

महिलातर्फको गोल्डकप प्रतियोगिता सञ्चालनका लागि ६१ लाख लाग्ने आयोजकको अनुमान रहेको छ ।

घाटा पुर्नको लागि महिला फुटबल प्रतियोगिता

अघिल्लो छैठौं संस्करणहरुमा पुरूष फुटबल

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । **त्यसैले** बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

कैलाश गाउँपालिका

गाउँ कार्यपालिका कार्यालय, मकवानपुर

पुर्‍यौंली थलो नुवाकोट दुप्चेश्वर पुग्दा



यात्रा संस्मरण

बाटाबाटामा ऐसेलु टिपेर खायौं । समुन्द्रटालाई पर छोडेर हामी भ्याङ्लेको पुल तरेर कमेरे गाउँ बुबाको काकाको घर पुग्यौ । हिडेर जादाँ थकाइ लागेको थियो हजुरबुबा (माधव) ले मोही दिनु भयो । मोही पिउँदा शरीरमा उर्जा थपियो । केहीबेर हजुरबुबा, बुबा र आमा बीच कुराकानी भयो । हजुर आमा काठमाडौं जानु भएकोले भेट हुन सकेन ।

○ स्वरुपा गुरागाईं

यात्रा गर्न कसलाई मन पर्दैन् र चाहे त्यो १ दिने हो वा १ हप्ते । यात्रा गर्दा हरेक पटक कुनै न कुनै माध्यमबाट केही न केही नयाँ कुरा सिक्न पाइने भएकाले यात्रा गर्न मलाई पति नै मन पर्छ। अझ चैत्र महिनामा वार्षिक परीक्षा पछि हुने यात्रा त झनै रमाइलो ! अरूबेला पढ्नु पर्छ, गृहकार्य छ । आदि इत्यादि भनेर यात्रा गर्न नपाउने भएपनि स्कुल लामो समय विदाको बेला मने न त पढाइको टेन्सन न त गृहकार्य म्याउनुपर्ने हतारो। बतिजाको पर्खाइमा रहँदै गर्दा यात्रा गर्नु त मलाई झनै मन पर्छ ।


त्यस्तै २०८१ सालको वार्षिक परीक्षा सकिएपछि नतिजा प्रकाशनको पर्खाइमा रहँदै गर्दा म र मेरो परिवारले मिलेर गरेको यात्रा हो 'मकवानपुरदेखि पुर्‍यौंली भलो नुवाकोट र दुप्चेश्वरसम्म । चैत्र महिनाको २० गते बुबाले आमासँग यस पटक नुकाकोट जाने सल्लाह गरेको सुन्दा नै उत्साहित भए । आफ्नो जन्मस्थान नुवाकोट भन्नु हुन्थ्यो उहाँले । २२ गते शुक्रबार काठमाडौंको सामाखुसी हुँदै जन्मथलोसँगै दुप्चेश्वर सम्म जाने योजना बन्यो ।

आफूले कहिल्यै नदेखेको पुर्‍यौंली थलो । आफ्नो बुबाको जन्मस्थान हेर्न जाने भनेपछि उत्साहित हुनु त स्वभाविकनै हो नी ।

नित्यकर्म सकेर म यात्राका लागि चाहिने सर सामानको तयारीमा लागँ । आमा र बुबा पनि त्यसै गर्न लाग्नु भयो। भाईले भने बुबालाई अनेक थरी प्रश्न सोधेर सोधिरहेको थियो । त्यसपछि खाना बनाएर खाइसकेमंदि आमा बुबा आआफनो काममा जानुभयो । शुक्रवार ३ बजेसम्म मात्रै कार्यालय भए पनि १ बजे काठमाडौं जाने गरी निर्णय हिजै बेलुका भएको थियो । अरू सामान तयारी गर्दै गर्दा १२ बज्यो । आमा बुबा आउनु भयो । भाइ र मसमेत सुमोमा चढेर काठमाडौं तर्फ लाग्यौं । हेटौंडा भीमफेदी देउराली कुलेखानी सिस्नेरी दक्षिणकाली हुँदै काठमाडौंको यात्रा तय गर्न करिब ५ घण्टा लाग्यो । केहीस्थानमा बाटो बनाउँदै गरेकोले केही ढिलो गरी पुग्यौं । त्यो दिन हामी गोङ्गबु गयौं बुबाको काकाकाकीको घरमा । हजुरबुबा वासुदेव गुरागाँई(पिंडालु पण्डित) र हजुरआमा राम्रो स्वभावका हुनुहुदो रहेछ आमा दोस्रो पटक र भाइ र म पहिलो पटक त्यहाँ पुगेका थियौं । उहाँले आफ्नो परिचय पिंडालु पण्डित भनेर दिनु भयो भाइ त हेरेके हेरै भयो । उहाँ साहित्यिक व्यक्तित्व हुनु भएको मलाई पहिल्यै थाहा थियो । उहाँका केही पुस्तक बाबाले घरमा ल्याएर पढ्नु भएको छ । पछिल्लो पुस्तक 'तँ अब बुढो भइस' भएको बुबाले उक्त पुस्तक पढ्दै गर्दा भन्नु भएको ।

उहाँले नै नुवाकोटको दुप्चेश्वरसम्मको इमीलाई सम्पर्क गरिदिनु भयो । भोली पल्ट विहान चैत २३ गते शनिबार सबैरै सामाखुसीबाट ठोखा शिवपुरी छहरे थानसिङ चौघडा आप्र खरानीटार सातविसे हुँदै दुप्चेश्वर पुग्यौ । पहाडी बाटो रमाइलो पहाड र तलका सम्म खेतहरूमा लहलह भएका खेती हेर्दै यात्रा गर्‍यौं ।

नजिकै रहेको सुर्यमती (तादी) नदिलाई पार गर्दै दुप्चेश्वर मन्दिर क्षेत्रमा प्रवेश गर्यौं केही माथि



पहरामा जानु पर्ने रहेछ । शनिबार भएकोले निकै भिड थियो । विशेष गरी सोमबार र शनिबार भिड हुने बुबाले यात्रामा भनेको सुनेको । ढुंगै ढुगाको पहरामा गाईको थुन आकारमा रहेको महादेव स्वरूपमा रहेको रहेछ दुप्चेश्वर ।

प्राकृतिक रूपमा रमणिय खोला र फाँटलाई हेर्दै दर्शन गर्न जादाँ छुट्टै आनन्द आउने रहेछ । बुबा तेस्रो पल्ट पुगेको रे । हामी भने पहिलो पल्ट । दुप्चेश्वर अर्को पशुपति, नुवाकोटको पशुपति भनेर चिनिने कुरा बुबाले गर्नु भएको थिये यात्रामा । दुप्चेश्वर उत्पत्तीकफ किंवदन्ती समेत बुबाले भन्नु भएको थियो ।

मैले दुप्चेश्वर सम्बन्धी सुनेको किंवदन्ती यस्तो थियो...

उहिले उक्त स्थानमा दर्शनको लागि लहरा र बुटाहरूको सहारा लिदै जानु पर्थ्यो ।मिरको तल समथर फाँट, सूर्यमती नदी र अन्यत्र घना जङ्गल थियो । पशुपालनबाट जीवन निर्वाह गर्ने त्यहाँका मानिस मध्ये एक दिन एक जना गोठालाको गाई हरायो । सबै गोठाला मिली चारैतर्फ गाईको खोजी गरियो तर गाई भेटिएन् । गोठालाहरूले जति खोज्दा पनि गाई नभेट्टाए पछि निराश भए । एक रात एक गोठालालाई सपनामा जोगीको भेषमा कोही आई गाई अन्यत्र गएको छैन यतै कतै खोजी गर भनी अलप भएछन् । बिउँझेपछि बिहानै सबै गोठालाहरू जम्मा भई जोगीको सल्लाह अनुसार गाई खोजी गर्न जुटेछन् । यत्तिकैमा एउटा गोठालाले पहरोतर्फ हेर्दा गाईको आकार देखेछन् । अरू गोठालाहरूले त्यहाँ हेर्दा देखिएको आकार गाईकै जस्तो भएको बताए छन् ।

त्यस्ता कुरामा उनीहरूलाई विश्वासै नभए पनि उनीहरूमध्ये एक जनाले त्यहाँ गएर रहस्य पत्ता लगाउने उत्सुकता जाग्यो । उसले साथीहरूलाई आफू त्यहाँ गएर के हो पत्ता लगाउने कुरा गर्‍यौं । घाँस र लहराहरू समाउँदै त्यहाँ पुग्दा गाई थिइनन् । गोबरको थुप्रो र त्यहाँको शिलामा प्रशस्त दूध पोखिएको मात्र देख्यो । यस्तो दृश्य देखेपछि अचम्म मान्दै उ फर्कर आयो । अचम्म हराएको गाई त आफै गोठमा आई बाच्छीलाई दूध चुसाइरहेकी र गाई बाँधिएको अवस्थामा देखे । त्यस समयदेखि त्यस शिलालाई दुग्धेश्वर महादेव मानी पूजा गर्ने प्रचलन सुरु भयो । दुग्धेश्वर महादेव अप्रभ्रंश भई दुप्चेश्वर महादेवको नामले चिनिन थालेका हो ।

करिब १ घण्टा मन्दिर दर्शन फोटो खिच्ने र लाइन लाग्न बिताए पछि हामीले विहानको खाना र इमती(दुप्चेश्वर नजिकैको बजार)क को होटलमा खायौं । त्यसपछि हाम्रो यात्रा त्याहाँबाट हिँडेरै बुबाको जन्मथलो कमेरेगाउँको पैरे जानु थियो करिब ४/५ किमी यात्रा गर्नु थियो । जहाँबाट हामी विहान गाडीमा दुप्चेश्वर गएका थियौं । बाटामा हजुरबुबाहरू बजार समुन्द्रटार लाई केहीबेर वारीबाटै हेर्यौं ।

बाटाबाटामा ऐसेलु टिपेर खायौं । समुन्द्रटालाई पर छोडेर हामी भ्याङ्लेको पुल तरेर कमेरे गाउँ बुबाको काकाको घर पुग्यौ । हिडेर जादाँ थकाइ लागेको थियो हजुरबुबा(माधव) ले मोही दिनु भयो । मोही पिउँदा शरीरमा उर्जा थपियो । केहीबेर हजुरबुबा, बुबा र आमा बीच कुराकानी भयो । हजुर आमा काठमाडौं जानु भएकोले भेट हुन सकेन ।

त्यहाँ १ घण्टा बस्यौ र केही उकालो गयौं । थोरै माथि पुग्दा बुबा अडिनु भयो र केहीबेर बाटोबाट तल्लो पट्टी हेर्नु भयो । हामीलाई उहाँले जन्मथलो देखाउनु भयो । जन्मघर २०७२ सालको भुकम्पले भत्किए पछि अहिले अर्के घर बनेको रहेछ । त्यहाँबाट बाहुनथोकमा रहेका गोकर्ण हजुरबुबाको पुग्यौं । किम्मु फलेर पाकेका रहेछ । म र भाइ मिलेर बेसरी खायौं । हजुर बुबासँग केहीबेर गफ गर्यौं । हामीले बुबाको मामाघर सातविसेको यात्रा तय गर्यौं ।

करिब १ घण्टा लगाएर पुगेका हामी ओर्लदा आधा घण्टा मात्रै लाग्यो । पहाडी गोरेटोबाटो मजाले हिड्यौ कतै लट्टीको साहारमा कतै उरौ । हजुर बुबाहरूले यहाँ रहँदा कसरी काम गर्नु भयो होला भनेर सम्झिए । बाध्यताले अझै त्यही रमाइरहेका पनि छन् । बाटोमा बुबाले जन्मथलोको केही थान फोटो खिच्नु भयो । भ्याङ्लेको झोलुङ्गे पुलमा केही फोटो लियौं बुबाको जन्मथलो आउने गरी ।

त्यस्तो उकालो कसरी चडिएछ भन्ने लाग्यो तल आएर हेर्दा । उकालो ओरालो गरिएको बानी नभएर होला म र आमा भने धेरै थकित भयौं । तर सानो भाई भने बुबाको रफ्तारमा हिँडेको देखेर अचम्मै लाग्यो। बुबा आमासँग बाटोमा जन्मथलो र आसपासका कुरा गर्दै करिब ३ घण्टामा नुवाकुटको सातबिसे बुबाकोको मामाघरमा पुग्यौ । त्यो दिन बसेर भोली बुबाको मामाघर

जाने भयौं । चैत २४ गते विहान हामी सातविसेबाट सतारको माथिल्लो क्षेत्रमा फेरी उकालो लाग्यौं । आज भने बुबाले 'हिजो जति हिड्नु पर्दैन' भन्नुभएकाले अलिकति शरिरमा तागत आए जस्तो भयो बुबाको मामाघरमा पुगेर त्यहाँ करिब ४ घण्टा बस्यौं मामा माइजुसँग बुबा आमा गफिनु भयो हामी सुनेर बस्यौं । पहाडको वस्ती बुबाले सानोमा उकालो ओरालो गर्दै मामाघरको स्थानको अवलोकन समेत गर्यौं । तादीखोला नागवेली बनेर बगिरहेको चारैतिर हरियाली वातावरण रमाइलो थियो । उकालो गएको भन्दा केही फरकबाटो हामी सातबिसे नै बास बस्न पुग्यौं ।

चैत २५ गते बिहान ६ बजेको सुमोमा चढेर हामी काठमाडौं फर्कियौं । काठमाडौंमा स्वयम्भुनाथ र बसन्तपुर दरबार अवलोकन गर्यौं । बसन्तपुर दरबार संग्राहलयले नेपालको शाहकालिन इतिहासदेखि गणतन्त्रसम्मका विषयमा जानकारी दियो ।

यसैगरी कलाकृतिले भरिएको दरबार नासल चोकलगायतको कला देखेर दंग परें । काठमाडौं उपत्यकाको अन्य स्थानको भ्रमण अर्को लामो विदामा गर्न थाती राखेर हामीले चैत २६ गते हेटौंडाको लागि यात्रा तय गरौं । साथीहरूले बार्षीक परीक्षा पछि कुन कुन स्थान घुम्नु भयो? अब स्कुल खुलेको छ । अर्को विदामा कतै घुम्न जादाँ फेरी लेखौला ।

कक्षा ९, सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा ३ मकवानपुर



सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८२ वैशाख २५ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

संघीय सरकारको निर्णय

हेटौंडा सिमेन्ट उद्योग नीजिकरण हुँदै

○ सहीखबर संवाददाता



मकवानपुर । शक्ति ब्राण्डको सिमेन्ट उत्पादन गर्दै आएको हेटौंडा सिमेन्ट उद्योग नीजिकरणमा जाने भएको छ । संघीय सरकार निर्णय गरेसँगै हेटौंडा सिमेन्ट उद्योग निजीकरण प्रक्रियामा जाने भएको हो ।

सरकारी स्वामित्वको हेटौंडा सिमेन्ट उद्योगलाई नीजिकरण गरेर संचालन गर्नेगरी नेपाल सरकारको बैशाख १५ गतेको मन्त्रिपरिषद् बैठकले निर्णय गरेको हो ।

पछिल्लो समय सञ्चालन खर्च धान्न नै मुस्किल भइरहेको हेटौंडा सिमेन्ट उद्योगसहित ७ उद्योगलाई निजीकरण गर्ने निर्णय गरेको हो । मन्त्रिपरिषद् बैठकले हेटौंडा सिमेन्ट उद्योग, जनकपुर चुरोट कारखाना, गोरखकाली रबर उद्योग, उदयपुर सिमेन्ट उद्योग, नेपाल मेटल कम्पनी, बुटवल धागो कारखाना र नेपाल ओरियन्ड म्याग्नेसाइटलाई निजीकरण गर्ने निर्णय गरेको हो ।

मन्त्रिपरिषद्ले 'सरकारी लगानी व्यवस्थापन गर्न स्वीकृति प्रदान गर्ने' निर्णय गरेको छ । उक्त निर्णय अनुसार ति उद्योगहरू निजीकरण गर्ने गरी सरकारले प्रक्रिया अघि बढाएको हो । सरकारले अध्यादेशमार्फत निजीकरण ऐन, २०५० लाई संशोधन गर्दा निजीकरण शब्दको सट्टा 'सार्वजनिक प्रतिष्ठान (सरकारी लगानी) व्यवस्थापन' उल्लेख गरेर निर्णय गरेको हो । संशोधित ऐनको सूचना १८ चैतमा राजपत्रमा प्रकाशित पनि भइसकेको छ ।

सरकारले गत असोजदेखि नै उक्त उद्योग निजीकरण गर्नका लागि छलफल थालेको थियो । अर्थमन्त्री विष्णु पौडेल र उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उक्त विषयमा पटकपटक छलफल गरेका थिए ।

अर्थ मन्त्रालयले उद्योगलाई निजीकरणको मोडालिटी पहिचान गर्न समिति नै गठन गरेको थियो । मन्त्रिपरिषद्ले निजीकरणको निर्णय गरेपनि उद्योग निजी क्षेत्रलाई कुन मोडलमा दिने भन्ने एकीन भएको छैन । सरकार ले निजीकरण गर्ने निर्णय गरेको उद्योगको मोडालिटी तयार गर्न अध्ययन प्रक्रिया अघि बढाएको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले जनाएको छ ।

सरकारले निजीकरणका लागि सूची तयार गरेका उद्योगमध्ये उदयपुर र हेटौंडा सिमेन्ट उद्योग जसोतसो चलिरहेका छन् । उद्योगको भौतिक पूर्वाधार जीर्ण छ भने मेसिनहरू पुराना र खिया लागेको छ । १३ असोज २०३३ मा स्थापना भएको पहिलो सिमेन्ट उद्योग ६ वर्षदेखि नोक्सानीमा छ ।

उद्योगसँग धादिङको जोगीमारा तथा मकवानपुरको ओख्रे, मजुवा र भैंसे गरी ४ ठाउँमा चुनढुंगा खानी छ । ३८ वर्ष पुरानो प्रविधि, उपकरण, बजारको अभाव, मूल्य समायोजन नहुनु, दरबन्दी अनुसार को कर्मचारी नहुनु, प्रतिस्पर्धात्मक बजार लगायतका समस्याका कारण उद्योग सञ्चालनमा ल्याउन कठिनइ भइरहको छ । सञ्चालन खर्च समेत धान्न नसकेकोको उद्योग चलाउने कि बन्द गर्ने भन्ने विषयमा सरकारले अहिलेसम्म निर्णय गर्न सकेको छैन ।

२०३३ असोज १३ मा शिलान्यास गरिएको उद्योगले २०४२ बाट व्यावसायिक उत्पादन सुरू गरेको थियो । उद्योगको वार्षिक उत्पादन क्षमता २ लाख २५ हजार मेट्रिक टन छ । कहिले काही मात्रै चल्ने हेटौंडा सिमेन्ट आर्थिक वर्ष २०७५/०७६ यता नियमित घाटामा छ । तथ्यांक हेर्दा हरेक वर्ष उद्योगको घाटा १० देखि १२ करोड रूपैयाँ बढिरहेको छ ।

उद्योग प्रशासनका अनुसार आर्थिक वर्ष २०७४/०७५ मा १६ करोड ३६ लाख नाफामा रहेको उद्योग २०७५/०७६ मा १ करोड ५ लाख रूपैयाँ घाटामा गएको थियो । त्यस यताका वर्षमा उद्योग घाटामा रहेको छ ।

हालसम्म उद्योगको सञ्चित घाटा १ अर्ब ४१ करोड ४९ लाख ९७ हजार रूपैयाँ देखिएको छ भने गत आर्थिक वर्ष २०८०/०८१ को उद्योगको कारोबारको लेखा परीक्षणको काम चलिरहेको छ ।

बागमती प्रदेशमा मनाइयो भाषा दिवस

○ सहीखबर संवाददाता



मकवानपुर । बागमती प्रदेशको राजधानी हेटौंडामा भाषा दिवस मनाइएको छ । प्रदेशमा भाषा ऐन कार्यान्वयन भएको अवसर मा बागमती प्रदेश सरकारले प्रदेश भाषा दिवस मनाएको छ । बुधबार एक समारोहका बिच प्रदेश सर कारले भाषा दिवस मनाएको हो ।

ऐन बनाएर नेपाल भाषा र तामाङ भाषालाई कामकाजी भाषाको रुपमा प्रयोगमा ल्याएको दिन 'वैशाख २४ गते' प्रदेश सरकारले हेटौंडामा विशेष समारोहको आयोजना गरेर प्रदेश भाषा दिवस मनाएको हो । तामाङ र नेवारी भाषा लागू गर्ने गरी कानून बनेको दिनको सम्झनामा बुधबार भाषा दिवस मनाइएको हो ।

प्रदेशको संस्कृति तथा पर्यटन मन्त्रालयको आयोजनामा बुधबार बिहान हेटौंडा ४, हुप्रचौर बाट प्रभात फेरीको आयोजना गरिएको थियो । प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा, संस्कृति तथा पर्यटन मन्त्री विमल ठकुरीसमेत प्रभात फेरीमा सहभागी रहेका थिए । प्रभात फेरीमा नेवारी, तामाङ, मगर समुदायको मौलिक पोशाक, बाजासहित सहभागी भएका थिए । हेटौंडा बजार परिक्रमापछि प्रभात फेरी उपस्थित भएका सहभागीहरु हेटौंडा ४ स्थित रोयल प्यालेसमा सभामा परिणत भएका थिए ।

पर्यटन मन्त्री ठकुरीको अध्यक्षता तथा मुख्यमन्त्री बहादुर सिंह लामाको प्रमुख आतिथ्यमा भाषा दिवस समारोह भएको हो । भाषा दिवसको अवसरमा मल्ल के सुन्दर र अजीतमान तामाङलाई सम्मान समेत गरिएको थियो ।

प्रदेश भाषा दिवसकै अवसरमा काठमाडौंमा पनि कार्यक्रम भएको छ । प्रदेश भाषा दिवसको अवसरमा बुधबार बागमती प्रदेश सरकारले प्रदेशभर सार्वजनिक बिदा दिएको छ ।

सीप सिकेर व्यवसाय गर्नुस गाउँपालकिले सहयोग गर्छ: अध्यक्ष मुक्तान



○ सहीखबर संवाददाता

कैलाश, मकवानपुर । कैलाश गाउँपालिकाका अध्यक्ष लोक बहादुर मुक्तानले सिप सिकेर व्यवसाय गर्न पर्ने बताएका छन् ।

वडा नम्बर ३ कालिकाटारमा सञ्चालित चाउमिन बनाउने तालिमको समापनमा बोल्दै अध्यक्ष मुक्तानले भने 'सीप सिक्नुभयो, अब व्यवसाय गर्नुस्, बीऊपुर्जीको लागि गाउँपालिकाले आवश्यक सहयोग गर्नेछ ।'

हामीले वडागत रूपमा कुन वडालाई कुन किसिमको तालिमको आवश्यकता छ सोही अनुरूप तालिमको आयोजना गर्दै आइरहेको बताउँदै सीपलाई समूदायसम्म पुगी व्यवहारमा उतार्नुपर्ने उनले बताए ।

भौगोलिक विकटताले बजारि करणमा समस्या भएता पनि यहाँ उत्पादन भएका चाउमिनलाई पालिकाभर मात्र नभई मनहरी क्षेत्रमा समेत विक्री गर्ने लक्ष्य लिएर काम गर्न सहभागीहरूलाई आग्रह गरेका थिए ।

गाउँपालिकाको विकासका कामहरू भइरहेको अवस्थामा हामीले नागरिक र लक्षितवर्ग क्षेत्रमा सीपमूलक तालिम पनि प्रदान गर्दै आइरहेको गाउँपालिका उपाध्यक्ष बालकुमार मल्लले बताए ।

उद्देश्य हाम्रो व्यवसायी वा उद्यमी बन्ने हो तर अहिले विस्तार सीप र उद्यमशीलतातर्फ उन्मूख गराउँदै आइरहेका छौं, उनले भने । भौतिक विकास मात्रै नभई हामीले मानवीय र सामाजिक विकासतर्फ पनि ध्यान दिइरहेको उनले बताए । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठले स्थानीय स्तरबाटै उत्पादन गरेर व्यवसाय गर्न सकिए आर्थिक पक्ष बलियो रहने बताए । सिकेको सीपलाई हस्तान्तरण गर्दै लैजानु भयो भने आफ्नो निखरता बढ्दै जाने बताए ।

सीप सिकेर आगामी दिनमा व्यवहारमा उतार्दै अघि बढ्ने सहभागी संगीता प्रजाले बताईन् । सीपले जीवनयापनमा ठुलो योगदान पुग्नुका साथै नयाँ आम्दानीको स्रोत रहने बताईन् । चाउमिन बनाउने कार्यलाई निरन्तरता दिने प्रतिवद्धता दिँदै बजारीकरणमा समस्या रहने प्रजाले बताईन् ।

महिला एकता सार्थक समाज नेपालका अध्यक्ष प्रमिला लामाको अध्यक्षता तथा गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानको प्रमुख आतिथ्यतामा तालिमको समापन गरिएको हो ।सामाजिक विकास मन्त्रालय र गाउँपालिकाको साझेदारीमा लैङ्गिक सशक्तिकरणका लागि उद्यमशीलता विकास तथा व्यवसायिक चाउमिन बनाउने तालिम भएको हो । १४ दिन सम्म सञ्चालित तालिममा १७ जना गृहिणी महिला तथा किशोरीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बालकुमार मल्ल, प्रमुख प्रशासकीय अधिकृत अमुल श्रेष्ठ, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख रमिला सापकोटा, चाउमिन तालिमका प्रशिक्षक रेशम थिङ लगायतको आतिथ्यता रहेको थियो । तालिम ७ दिन चाउमिन बनाउने र ७ दिन उद्यमशील, प्याकेजिङ, लेवलिङ बजारिकरणका विषयमा तालिम प्रदान गरिएको थियो ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

घटना भएको ३५ दिन भित्र सम्बन्धित वडामा घटना दर्ताको गर्नको लागि सबैलाई अनुरोध छ ।

मनहरी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय रजैया मकवानपुर

प्रदेशसभाको वर्षे अधिवेशन जेठ ५ गतेको लागि आव्हान



○सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश मन्त्रिपरिषद्को मंगलबार को बैठकले प्रदेश सभाको वर्षे अधिवेशन आव्हान गर्ने, पर्यटन विकास आयोजना सहितका कार्यालयहरू खारेज गर्ने, ५ जना सचिवहरूको पदस्थापन तथा सरूवा गर्नेलगायतका निर्णय गरेका छ ।

बागमती प्रदेश सरकारले प्रदेशसभाको वर्षे (बजेट) अधिवेशन ५ जेठ गतेका लागि आह्वान गर्न सिफारिस गर्ने निर्णय गरेको छ । प्रदेश मन्त्रिपरिषदको बैठकले वर्षे (बजेट अधिवेशन) ५ जेठका लागि आह्वान गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानून मन्त्री सुरजचन्द्र लामिछानेका अनुसार बजेट अधिवेशन ५ जेठ बिहान ११ बजेका लागि बोलाउने गरी प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय भएको छ । यसअघि प्रदेशसभाको हिउँदे अधिवेशन बैठक १० चैतमा अन्त्य गरिएको थियो ।

यसैगरी बागमती प्रदेश सरकारले पर्यटन विकास आयोजना सहितका कार्यालयहरू खारेज गर्ने निर्णय गरेको छ । प्रदेश सरकारले ३ वटा पर्यटन विकास आयोजना र ३ वटा पर्यटन कार्यालय खारेज गर्ने निर्णय गरेको हो ।

पर्यटन मन्त्रालय अन्तर्गतको पर्यटन विकास आयोजना हेटौंडा र पर्यटन विकास आयोजना इकाइ कार्यालय काठमाडौं खारेज गर्ने निर्णय गरेको हो । बैठकले उपत्यका पर्यटन कार्यालय काठमाडौं र पर्यटन कार्यालय चितवनलाई खारेज गर्ने निर्णय गरेको हो । अस्थायी संरचनाको रूपका रहेको उक्त कार्यालयहरू खारेज गर्ने निर्णय गरेको प्रवक्ता लामिछानेले जानकारी दिए ।

उनका अनुसार पर्यटन मन्त्रालयको संगठन संरचना

बागमती मन्त्रि-परिष्द्ले के के गर्‍यो निर्णय?

तेरिज (दरबन्दी) स्वीकृत गर्दै उक्त अस्थायी कार्यालयहरू खारेज गर्ने निर्णय गरेको हो । बैठकले उक्त कार्यालयहरूको विकल्पमा स्थायी संरचनाको रूपमा पर्यटन कार्यालहरू स्थापना गर्ने निर्णय समेत गरेको छ ।

प्रदेश राजधानी हेटौंडामा मन्त्रालय र एक कार्यालय रहने तथा प्रदेशका अन्य ४ जिल्लाहरू नुवाकोट दोलखा चितवन र काठमाडौंमा पर्यटन कार्यालय स्थापना गर्ने निर्णय गरेको छ ।

प्रशासनका कर्मचारी प्रमुख रहनेगरी मन्त्रालय र मातहतका निकायमा सांविकको ११७ जनाको दरबन्दीलाई घटाएर १०६ कायम गर्ने निर्णय गरेको छ । यसअघि ३ वटा आयोजनामा प्राविधिक तर्फका इन्जिनिय र वन अधिकृत प्रमुख रहने व्यवस्था रहेको थियो ।

यस्तै बागमती प्रदेश सरकारले ५ सचिवहरूको पदस्थापन तथा सरूवा गरेको छ । संघीय सरकारबाट सरूवा भई आएका ३ सचिवको पदस्थापन गरेको हो भने ३ सचिवको जिम्मेवारी हेरफेर गरेर गरेको हो ।

संघीय सरकारबाट प्रदेशमा आएका बेकुण्ठ अधिकारीलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय, हेमराज भुषाललाई उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय र भक्तकराम अधिकारीलाई युवा तथा खेलकुद मन्त्रालयमा जिम्मेवारी तोक्ने निर्णय गरेको हो ।

सामाजिक विकास मन्त्रालयको सचिवमा हाल उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयमा कार्यरत सचिव विनु बज्राचार्य र सहकारी तथा गरिबी निवारण मन्त्रालयमा प्रदेशसभा सचिवालयमा कार्यरत सचिव पूर्णबिहादुर दर्जीलाई जिम्मेवारी तोक्ने निर्णय गरेको हो ।

प्रवक्ता लामिछानेका अनुसार बैठकले उद्योग मन्त्रालय अन्तर्गत भूउपभोग परिषद् गठन गरी ३ जना विशेषज्ञ सदस्य नियुक्त गर्ने निर्णय गरेको छ । जसमा तानसेन पाल्पाका विष्णुप्रसाद रिमाल र चितवनका हरिप्रसाद सुवेदीलाई नियुक्त गर्ने निर्णय भएको छ ।

बैठकले बागमती प्रदेश विश्वविद्यालय संरक्षण समिति (बोर्ड अफ ट्रष्टी) को सदस्यमा नुवाकोटका रामप्रसाद रिजाललाई नियुक्त गर्ने निर्णय गरेको छ भने प्रदेश उच्च शिक्षा परिषद्को पदेन सदस्यमा बागमती प्रदेश विश्वविद्यालयका अध्यक्ष चन्द्रमणि पौडेललाई नियुक्त गर्ने निर्णय गरेको छ ।

बैठकले स्थानीय तहसँगको समन्वय र मागका आधारमा विपद् स्वंयसेवक समुह गठन गर्न बजेट अस्तियारी दिने निर्णय गरेको छ । कुल १ करोड बजेट रहेको उक्त कार्यक्रम कार्यान्वयनका लागि मन्त्रिपरिषद् बैठकले स्वीकृति दिएको हो । बैठकले आगामी आर्थिक वर्ष २०८२/०८३ को वित्तीय समानीकरण अनुदान कार्यक्रम स्वीकृत गर्ने समेत निर्णय गरेको छ ।

बैठकले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयको कर्मचारी दरबन्दी तेरिज स्वीकृत गरेको छ । मुख्यमन्त्री कार्यालयको कम्प्युटर अपरेटर (सहायक पाँचौ/अधिकृत छैठौं) लाई प्रशासनिक कर्मचारीको रूपमा प्रयोग गर्नेगरी दरबन्दी तेरिज स्वीकृत गरेको हो ।

बकैया अस्पतालमा मिडियो एक्सरे सेवा



○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको बकैया गाउँपालिकास्थित बकैया आधारभूत अस्पतालमा मिडियो एक्सरे सेवा विस्तार गरिएको छ ।

मिडियो एक्सरेको आधार भूत सेवा प्रदान गर्ने व्यवस्था मिलाइएको बकैया गाउँपालिकाको स्वास्थ्य शाखाका प्रमुख रमेश फुयालले जानकारी दिए । १५ सैयाको बकैया आधारभूत अस्पतालले यो सातावाट मिडियो एक्सरे सेवा सुरू गरेको हो ।

सुरूको दिन गाउँपालिका अध्यक्ष धर्मराज लामिछानेले पेटको मिडियो एक्सरे गरेका थिए । मिडियो एक्सरे सेवा विस्तार भएसँगै गर्भवती महिलाले बढी लाभ लिन सक्नेछन् । स्वास्थ्य शाखा प्रमुख फुयालका अनुसार अहिले सुरू गरिएको सेवा प्राथमिक प्रकृतिको भएको र यसबाट स्वास्थ्य समस्याका आधारमा माथिल्लो तहको स्वास्थ्य संस्थामा रेफर गर्न सकिनेछ । मिडियो एक्सरे सेवा नहुँदा गाउँवासी हेटौंडा धाउन बाध्य थिए ।

बकैया आधारभूत अस्पतालमा अहिले ३ जना मेडिकल अधिकृतसहितको स्वास्थ्यकर्मीले सेवा दिइरहेका छन् । अस्पतालको निमित्त प्रमुख डा. कुमार ढुंगेल हुनुहुन्छ भने अर्का मेडिकल अधिकृत डा. किशोर श्रेष्ठ पनि हुनुहुन्छ । बकैया आधारभूत अस्पतालमा महिनाको १० देखि १५ जनाले प्रसुती सेवा लिइरहेका छन् भने दैनिक ६० देखि ७० जनाले आकस्मिक र बहिरंग सेवा लिइरहेका छन् ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ ।
पानीको मुहान/स्रोत संरक्षण गरौं ।
● सहीखबर साप्ताहिक

सामाजिक सञ्जालको रचनात्मक प्रयोग गरौं

☞ सामाजिक सञ्जालमा प्राप्त भएका सूचनाको सत्यता बुझेर मात्र विश्वास गरौं,
☞ सामाजिक सञ्जालमा आउने झूठा वा भ्रामक सूचनाले अफवाह फैलाउन सक्छ,
☞ सामाजिक सञ्जालको प्रयोग ज्ञान प्राप्त गर्न र सूचना आदानप्रदान गर्न गरौं,
☞ सामाजिक सञ्जाललाई सकारात्मक र रचनात्मक रुपमा प्रयोग गरौं,
☞ सामाजिक सञ्जालको अत्यधिक प्रयोगले मानसिक तथा शारीरिक समस्या देखापर्न सक्छ, सतर्क रहौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड